“उन्नत तथ्यांक, उन्नत जीवन "

# स्वागतम्



# तथ्याङ्कीय साक्षरता

“उन्नत तथ्याङ्क, उन्नत जीवन”
(Better data, better lives)

# तथ्याङ्कीय साक्षरता कार्यक्रम



मिति: २०८३ भदौ ९ गते
समय: ९:३० बजे
स्थान: क्व्होलासोथार गाउँपालिकाको सभाहल।

आयोजक
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
**तथ्याङ्क समन्वय कार्यालय गोरखा**
(गोरखा, लमजुङ, मनाङ)

# तथ्याङ्कीय साक्षरता कार्यक्रम

क्व्होलासोथार गाउँपालिका गाउँपालिकाको सभाहल

लमजुङ

२०८३/०५/०९

बिहान ९:३०

**प्रस्तोता**

शिवलाल शर्मा

(तथ्याङ्क समन्वय अधिकारी)

तथ्याङ्क समन्वय कार्यालय, गोरखा।

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क समन्वय कार्यालय, गोरखा।

# प्रस्तुतिका विषयहरु

- नेपालको तथ्याङ्क प्रणाली
- तथ्याङ्क सम्बन्धी नीति तथा संस्थागत व्यवस्था
- तथ्याङ्कीय साक्षरता र डिजिटल साक्षरता
- तथ्याङ्कको प्रयोग

# सन्दर्भ सामाग्री

## सन्दर्भ सामाग्री

- तथ्याङ्कीय साक्षरता पुस्तिका (पाठ १, २ र ३) (**https://npc.gov.np/content/5123/5123/**)
- नेपालको संविधान (अनुसूची ५,६, ८,९)
- तथ्याङ्क ऐन, २०७९ तथा नियम, २०८० (https://nsonepal.gov.np/content/7610/7610-only-nepali/)
- तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति (https://nsonepal.gov.np/content/13399/statistics-for-development--national-strategies--second-2081-82/)
- नेपालमा आधिकारिक तथ्याङ्क प्रणाली तथा विधि

# तथ्याङ्कका पोर्टलहरु

**राष्ट्रिय जनगणना २०७८ सम्बन्धि गण्डकी प्रदेशको जनसाङ्ख्यिक विवरण:**
https://censusnepal.cbs.gov.np/results/downloads/provincial/4

**राष्ट्रिय तथ्याङ्क कार्यालय (National statistic Office):** https://nsonepal.gov.np/

**तथ्याङ्क समन्वय कार्यालय, गोरखा (Statistic Coordination Office, Gorkha):**
https://scogorkha.nsonepal.gov.np/

**राष्ट्रिय तथ्यगत विवरण (National Data Profile):** http://nationaldata.gov.np/

**नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) (Nepal Living Standard Survey-IV) :**
https://nsonepal.gov.np/detail/post/9707

**आर्थिक सर्वेक्षण (२०७९/८०) (Economic Survey 2079/80)**
https://www.mof.gov.np/site/publication-category/21

# केही जिज्ञासा



- तथ्याङ्कका सरोकारवाला को होलान्?
- राष्ट्रिय तथ्याङ्क प्रणाली भनेको के होला?
- राष्ट्रिय तथ्याङ्क प्रणालीका प्रमुख अङ्गहरू के के होलान्?
- नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली केन्द्रीकृत वा विकेन्द्रीत के होला?
- नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीका प्रमुख समस्याहरू के होलान्?
- राष्ट्रिय तथ्याङ्क कार्यालयले के काम गर्दछ होला?
- कुन कुन निकायहरूले तथ्याङ्क उत्पादन गर्दछन् होला?
- तथ्याङ्क साक्षरता भनेको के होला?
- तथ्याङ्कको प्रयोग कसरी र कहाँ प्रयोग गर्नु पर्छ होला?

# तथ्याङ्क के हो ?

- Data (डाटा) भनेको **निश्चित स्थान, समयमा र कुनै व्यक्ति, वस्तु, घटना वा विषयसँग** सम्बन्धित **संख्यात्मक (numeric) वा गैर-संख्यात्मक** (non-numeric जस्तै शब्द, अक्षर, चिन्ह, फोटो, अडियो वा भिडियो) त**थ्य, विवरण वा जानकारी** हो |
- तथ्याङ्क शब्दको बनोट **तथ्य र अङ्क** मिलेर बनेको छ। शाब्दिक हिसाबले हेर्दा **तथ्यमा आधारित अङ्कले** तथ्याङ्क बनेको छ।
- अंग्रेजीमा डाटा **(Data)** र तथ्याङ्क **(Statistics)** दुईवटा शब्दहरू छन्। जुन कतिपय मानिसहरुले पर्यायवाची शब्दका रूपमा बुझिरहेका र प्रयोग गरिरहेका हुन्छन् वास्तवमा यी **दुई तात्विक फरक छ**। पहिलो शब्द डाटा **(Data)ले प्रशोधन पूर्वको कुनै खास विषयको Non-numeric or Numeric मान वा मानहरूको समूहलाई संकेत गर्दछ**। भने दोस्रो शब्द तथ्याङ्क **(Statistics) ले ती डाटाहरु प्रशोधन गरिसकेपछि अर्थपूर्ण रूपमा प्रस्तुत गरिने आँकडालाई बुझाउँछ।**
- मेरियम वेबस्टर शब्दकोष अनुसार **सांख्यिक आँकडाहरूको सङ्कलन, विश्लेषण, व्याख्या** र यस्ता सांख्यिक आँकडाहरूको **प्रस्तुति** समेतलाई तथ्याङ्क भनिन्छ ।
- **तथ्याङ्क ऐन २०७९** ले तथ्याङ्कको परिभाषा यसरी गरेको छ : तथ्याङ्क भन्नाले **आर्थिक, सामाजिक, भौतिक, वातावरणीय लगायतका विवरण, लगत वा सूचना सम्झनुपर्छ** र सो शब्दले त्यस्ता विवरण, लगत वा सूचनाको **व्यवस्थित सङ्कलन, प्रस्तुतिकरण वा विश्लेषण गरी तयार गरिएको संख्यात्मक प्रस्तुतिलाई** समेत जनाउँछ ।

# तथ्याङ्क...

- **वि.सं. २०७८ राष्ट्रिय जनगणना,रातकाको प्रतिवेदनले** नेपालको कुल जनसंख्या २,९१,६४,५७८ र त्यसमध्ये १,४२,५३,५५१ (४८.८७%) जना **पुरुष** र १,४९,११,०२७ (५१.१३ %) जना **महिला** रहेको देखायो । यो तथ्याङ्क हो ।
- **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिवेदन** अनुसार सन् २०२४ मा नेपाल आउने **पर्यटकको संख्या ११,४७,५४८ जना** थियो । यो पनि एक तथ्याङ्क हो ।(**बि.स. २०८२ माघ मा प्रकाशित**)
- **निर्वाचन आयोगले संचालन गरेको, स्थानीय तह निर्वाचन,२०७९** मा महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरूका कुल २९३ स्थान **प्रमुखपद** मध्ये नेपाली कांग्रेसले १४१, नेकपा एमाले ८३, नेकपा (माओवादी केन्द्र) २५, नेकपा एकीकृत समाजवादी १२ र अन्यले १२ ओटा स्थानमा जित हासिल गरे । यो अर्को तथ्याङ्क हो ।
- **२०८२/१२/२१, संघीय संसद्को निर्वाचनमा** रा.स्व.पा.ले **संघमा, १८२ सिट (६६.१७%)** सिट प्राप्त गरयो | यो अर्को तथ्याङ्क हो ।
- **राष्ट्रिय योजना आयोगले सन् २०१९** मा प्रकाशन गरेको **प्रतिवेदनअनुसार , १७.४ प्रतिशत** नेपालीहरू **बहुआयामिक गरिबीको रेखामुनि** छन् । त्यस्तै **नेपाल जीवनस्तर सर्वेक्षण चौँथो-२०७९।८०, प्रतिवेदनअनुसार, नेपालको गरिबीको दर २०.२७ %** रहेको छ । यो पनि तथ्याङ्क नै हो ।

# तथ्याङ्कमा क्व्होलासोथार गाउँपालिका

| सुचकहरू | जनसङ्ख्या | | | लैङ्गिक अनुपात (पुरुष प्रति १०० महिला) | जनघनत्व (व्यक्तिहरु प्रति वर्ग कि.मी.) | वार्षिक जनङ्ख्या वृद्धिदर (%) |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष (%) | महिला (%) | | | |
| नेपाल | २,९१,६४,५७८ | ४८.९ | ५१.१ | ९५.५९ | १९८ | ०.९२ |
| गण्डकी प्रदेश | २४,६६,४२७ | ४७.५ | ५२.५ | ९०.३७ | ११५ | ०.२५ |
| लमजुङ | १,५५,८५२ | ४७.५ | ५२.५ | ९०.५९ | ९२ | -०.७ |
| क्व्होलासोथार गाउँपालिका | ७,९६० | ४८.३ | ५१.७ | ९३.२५ | ४५ | -२.२२ |

श्रोत: रा ज ग २०७८


# तथ्याङ्कमा क्व्होलासोथार गाउँपालिका...

| सुचकहरू | साक्षरता दर | | | कूल परिवारहरु | परिवारको औसत आकार (व्यक्तिप्रति घरपरिवार) |
|---|---|---|---|---|---|
| | कूल साक्षरता दर (%) | पुरुष (%) | महिला (%) | | |
| नेपाल | ७६.२ | ८३.६ | ६९.४ | ६६,६६,९३७ | ४.३७ |
| गण्डकी प्रदेश | ८१.७ | ८८.८ | ७५.३ | ६,६२,४८० | ३.७२ |
| लमजुङ | ७७.५ | ८५.६ | ७०.२ | ४४,१७० | ३.५३ |
| क्व्होलासोथार गाउँपालिका | ६७.६ | ७७.१ | ५८.८ | २२७६ | ३.५० |

श्रोत: रा ज ग २०७८

“उन्नत तथ्यांक, उन्नत जीवन "

# क्वहोलासोथार गाउँपालिकाको जनसंख्या प्रक्षेपण




**वार्षिक जनङ्ख्या वृद्धिदर (%)**

**-२.२२%**

"उन्नत तथ्यांक, उन्नत जीवन "

श्रोत: जनसंख्या प्रक्षेपण, रा त का, २०७८

# तथ्याङ्कमा लमजुङ जिल्ला...

| क्षेत्र | घरपरिवार | अनुपस्थित (विदेश) संख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| लमजुङ जिल्ला | ४४०७४ | १६८७१ | १४७६२ | २१०९ |
| क्व्होलासोथार गाउँपालिका | २२७६ | ९५१ | ७९८ | १५३ |
| दोर्दि गाउँपालिका | ४५२४ | १७१८ | १४७० | २४८ |
| मर्स्याङ्दि गाउँपालिका | ४५५० | १७४३ | १५२६ | २१७ |
| मध्यनेपाल नगरपालिका | ६४२७ | २७०२ | २४०६ | २९६ |

श्रोत: रा ज ग २०७८

# तथ्याङ्कमा लमजुङ जिल्ला...

| क्षेत्र | घरपरिवार | अनुपस्थित (विदेश) संख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| बेसीसहर नगरपालिका | ११०३८ | ४२०१ | ३६५९ | ५४२ |
| सुन्दरबजार नगरपालिका | ७८२९ | २७८८ | २४४९ | ३३९ |
| राइनास नगरपालिका | ४९६१ | १७७८ | १५६० | २१८ |
| दूधपोखरी गाउँपालिका | २४६९ | ९९० | ८९४ | ९६ |

"उन्नत तथ्यांक, उन्नत जीवन "

श्रोत: रा ज ग २०७८

# तथ्याङ्कमा लमजुङ जिल्ला ...

| क्षेत्र | जम्मा | परिवारमा अनुपस्थित रहनुको कारण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | तलब/ज्याला | व्यापार/ व्यवसाय | अध्ययन/तालिम | कामको खोजी | आश्रित | अन्य | उल्लेख नभएको |
| लमजुङ जिल्ला | १६८७१ | १२४७९ | ७५ | १२४७ | १२८६ | १३१९ | १३८ | ३२७ |
| क्व्होलासोथार गाउँपालिका | ९५१ | ७५६ | २ | ४९ | ८ | १०४ | ९ | २३ |
| दोर्दि गा.पा. | १७१८ | १३३७ | ५ | ९१ | १३६ | ९९ | ९ | ४१ |
| मर्स्याङ्दि गाउँपालिका | १७४३ | १४२९ | ८ | ७५ | २२ | १५९ | २४ | २६ |
| मध्यनेपाल नगरपालिका | २७०२ | १९६० | ८ | ११७ | ३२४ | २३७ | २३ | ३३ |

श्रोत: रा ज ग २०७८

# तथ्याङ्कमा लमजुङ जिल्ला ...

| क्षेत्र | जम्मा | परिवारमा अनुपस्थित रहनुको कारण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | तलब/ज्याला | व्यापार/ व्यवसाय | अध्ययन/तालिम | कामको खोजी | आश्रित | अन्य | उल्लेख नभएको |
| बेसीसहर नगरपालिका | ४२०१ | २८५२ | २० | ४११ | ४७१ | ३३२ | ४० | ७५ |
| सुन्दरबजार नगरपालिका | २७८८ | १९९५ | २० | ३२० | १६३ | २१२ | १६ | ६२ |
| राइनास नगरपालिका | १७७८ | १३०७ | ११ | १३८ | १५७ | १२० | १३ | ३२ |
| दूधपोखरी गाउँपालिका | ९९० | ८४३ | १ | ४६ | ५ | ५६ | ४ | ३५ |

श्रोत: रा ज ग २०७८



"उन्नत तथ्यांक, उन्नत जीवन "

# तथ्याङ्कमा लमजुङ जिल्ला ...

## धर्म अनुसार पालिकास्तरको जनसंख्या (प्रमुख १० धर्म)

| जिल्ला/स्थानीय तह | जम्मा जनसंख्या | धर्म | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | बौद्ध | ईस्लाम | किंरात | क्रिस्टियन | प्रकृति | बोन | जैन | बहाई | शिख |
| **लमजुङ जिल्ला** | १५५८५२ | ९७३१८ | ४६०४५ | ११९४ | ५३ | ३८६४ | १२१ | ७२५५ | ० | १ | १ |
| क्व्होलासोथार गाउँपालिका | ७९६० | २६८४ | ३३४३ | ४ | १ | २२७ | १ | १७०० | ० | ० | ० |
| दोर्दि गाउँपालिका | १६०५० | ६६०० | ७२१८ | १४ | ० | ५६३ | ० | १६५५ | ० | ० | ० |
| मर्स्याङ्दि गाउँपालिका | १७०८० | ७२९६ | ७६९६ | १५ | ६ | ७९५ | ० | १२७२ | ० | ० | ० |
| मध्यनेपाल नगरपालिका | २१९७१ | १७८४३ | ३१७७ | १६९ | ९ | ३३५ | ३७ | ४०० | ० | १ | ० |

श्रोत: रा ज ग २०७८


# तथ्याङ्कमा लमजुङ जिल्ला ...

## धर्म अनुसार पालिकास्तरको जनसंख्या (प्रमुख १० धर्म)

| जिल्ला/स्थानीय तह | जम्मा जनसंख्या | धर्म | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | बौद्ध | ईस्लाम | किंरात | क्रिस्टियन | प्रकृति | बोन | जैन | बहाई | शिख |
| बेसीसहर नगरपालिका | ३८२३२ | २५५१८ | ९७७२ | ५४३ | २५ | १०२९ | ७९ | १२६६ | ० | ० | ० |
| सुन्दरबजार नगरपालिका | २७०४३ | १९८०१ | ६३३१ | २५६ | १ | ४०७ | ० | २४६ | ० | ० | १ |
| राइनास नगरपालिका | १७४०२ | १३४७२ | ३२०७ | १८६ | ० | ३२७ | ० | २१० | ० | ० | ० |
| दूधपोखरी गाउँपालिका | ८५९२ | २७८६ | ५१४४ | ६ | ० | १५० | ० | ५०६ | ० | ० | ० |

श्रोत: रा ज ग २०७८

# राष्ट्रिय आर्थिक गणना,२०८२को प्रारम्भिक नतिजामा क्व्होलासोथार गाउँपालिका





लमजुङ जिल्ला जम्मा प्रतिष्ठान संख्या=९,५९२ वटा

क्व्होलासोथार गा.पा. जम्मा प्रतिष्ठान संख्या.= ४६८ वटा

"उन्नत तथ्यांक, उन्नत जीवन "

श्रोत: रा आ ग २०८२, लम्जुंग, CONTROL Firm report


# राष्ट्रिय आर्थिक गणना,२०७५ र २०८२ को प्रारम्भिक नर्तिजामा लमजुङ जिल्ला




श्रोत: रा आ ग २०७५, रा आ ग २०८२, लम्जुंग, CONTROL Firm report

"उन्नत तथ्यांक, उन्नत जीवन "

# राष्ट्रिय आर्थिक गणना,२०७५ र २०८२ को प्रारम्भिक नतिजामा क्व्होलासोथार गाउँपालिका




आर्थिक गणना,२०७५ मा क्व्होलासोथार गाउँपालिका जम्मा प्रतिष्ठान संख्या=३१६

आर्थिक गणना,२०८२ मा क्व्होलासोथार गाउँपालिका जम्मा प्रतिष्ठान संख्या=४६८

४८.१%



श्रोत: रा आ ग २०७५, रा आ ग २०८२, लम्जुंग, CONTROL Firm report

# राष्ट्रिय तथ्याङ्क...

| जनसांख्यिक विवरण | नेपालमा( जना) |
|---|---|
| १५ वर्ष वा सोभन्दा बढी उमेर समूहका बेरोजगार (नेपाल श्रमशक्ति सर्भेक्षण २०७४/७५) | नौ लाख आठ हजार |
| १० बर्ष वा सो भन्दा बढी उमेरका अक्सर आर्थिकरूपले सक्रिय बेरोजगार (राष्ट्रिय जनगणना २०७८) | सात लाख ६८ हजार |
| नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) नयाँ गरिबीको रेखा अनुसार (खाद्य रु.३५,०२९ र गैर खाद्य रु.३७,८७९ जम्मा रु. ७२,९०८) | नेपालको गरिबी: २०.२७% (५९ लाख ११ हजार ६५९ जना) शहरी गरिबी (१८.३४%) ग्रामीण गरिबी (२४.६६%) |
| गण्डकी प्रदेशको गरिबीको प्रतिशत | ११.८८% (प्रदेशहरुको गरिबीमा सबै भन्दा कम ) |

# राष्ट्रिय तथ्याङ्क...

| सुचक | सङ्ख्या |
|---|---|
| जनगणना २०६८ अनुसार १५ देखि ५९ उमेर समूहको सङ्ख्या | **५६.९६%** (१,५०,९१,८४८ जना) |
| **जनगणना २०७८ अनुसार १५ देखि ५९ उमेर समूहको सङ्ख्या** | **६१.९६% (१,८०,७१,६८५ जना)** |
| **जनगणना २०७८ अनुसार १५ वर्ष भन्दा कम र ५९ वर्ष भन्दा बढी उमेर समूहको सङ्ख्या** | (वर्ष <१५) वर्ष = ८१,१५,५७५ (२७.८२%)<br>( वर्ष >५९) वर्ष = २९,७७,३१८ (१०.२२%)<br>जम्मा = १,१०,९२,८९३ ( आश्रित जनसङ्ख्या) (३८.०४%) |
| १० वर्ष वा सो भन्दा बढी उमेरका | **२,३९,५८,८६८ जना** |
| १० वर्ष वा सो भन्दा बढी उमेरका आर्थिक रुपले सक्रिय | १,५६,८९,७७७ जना (६५.५%) |
| **१० वर्ष वा सो भन्दा बढी उमेरका आर्थिक रुपले निष्क्रिय** | **८२,११,०१२ जना (३४.३%)** |
| १० वर्ष वा सो भन्दा बढी उमेरका आर्थिक रुपले सक्रिय वा निष्क्रिय नखुलेको अवस्था | ५८,०७९ जना (०.२%) |
| १० वर्ष वा सो भन्दा बढी उमेरका आर्थिक रुपले सक्रिय रहेका मध्ये | १,१०,३८,१०५ जना ७०.३५% प्राय सक्रिय रोजगारी<br>४६,५१,६७२ जना २९.६५% प्राय निस्क्रिय रोजगारी |
| आर्थिक रुपले प्राय सक्रिय रहेका मध्ये (१,१०,३८,१०५ जना) | १,०२,७०,४४७ जना ९३.०५% अक्सर रोजगार र<br>७,६७,६५८ जना ६.९५% अक्सर बेरोजगार रहेका |

# राष्ट्रिय तथ्याङ्क कार्यालयका केही नतिजा

“उन्नत तथ्यांक, उन्नत जीवन "

# राष्ट्रिय जनगणनाका मुख्य नतिजा

| जनगणना क्र.स. | जनगणना वर्ष (वि.सं) | जनसंख्या | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशत) | जनघनत्व (जनसङ्ख्या प्रतिवर्ग किलोमिटर) |
|---|---|---|---|---|---|
| **पहिलो** | **१९६८** | **५६,३८,७४९** | ....... | ....... | **३८** |
| दोश्रो | १९७७ | ५५,७३,७८८ | ....... | -०.१३ | ३८ |
| तेस्रो | १९८७ | ५५,३२,५७४ | ...... | -०.०७ | ३८ |
| चौथो | १९९८ | ६२,८३,६४९ | ...... | १.१६ | ४३ |
| **पाँचौ** | **२००९/११** | **८२,५६,६२५** | **९६.८** | **२.२७** | **५६** |
| छैटौ | २०१८ | ९४,१२,९९६ | ९७.० | १.६४ | ६४ |
| सातौ | २०२८ | १,१५,५५,९८३ | १०१.४ | २.०५ | ७९ |
| आठौं | २०३८ | १,५०,२२,८३९ | १०५.० | २.६२ | १०२ |
| नबौं | २०४८ | १,८४,९१,०९७ | ९९.५ | २.०८ | १२६ |
| दशौं | २०५८ | २,३१,५१,४२३ | ९९.८ | २.२५ | १५७ |
| एघारौं | २०६८ | २,६४,९४,५०४ | ९४.२ | १.३५ | १८० |
| **बारौं** | **२०७८** | **२,९१,६४,५७८** | **९५.६** | **०.९२** | **१९८** |

विस्तृत विवरणका लागिः *https://censusnepal.cbs.gov.np/results*

“उन्नत तथ्यांक, उन्नत जीवन "

# ५ वर्ष र सोभन्दा माथिको जनसङ्ख्याको साक्षरता




विस्तृत विवरणका लागिः *//censusnepal.cbs.gov.np/Home/Details?tpid=5&tfsid=1*

# औसत आयु (Life expectancy at birth)

- कुल औसत आयु = ७१.३

  पुरुष = ६८.२

  महिला = ७३.८

# नेपालको गरिबीको दर

**20.27%**


**of the population lives below the poverty line in 2023 using the new poverty line.**

# प्रदेशस्तरमा गरिबीको दर: NLSS-IV, २०७९/८०



# अन्तिम ३ राष्ट्रिय कृषिगणनाका प्रमुख नतिजा: नेपाल

## घरपरिवार, कृषक परिवार, चलन गरेको जग्गाको क्षेत्रफल (लाखमा)




| कृषिगणना वर्ष | कृषक परिवार प्रतिशत |
|---|---|
| २०५८ | ८१% |
| २०६८ | ७१% |
| २०७८ | ६२% |


# अर्थतन्त्रको आकार (प्रचलित मूल्यमा)

चालु आ.व. २०८२/८३ मा नेपालको

आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमाः ३.८५%

अर्थतन्त्रको आकार उपभोक्ताको मूल्यमाः ६६ खर्ब


# अर्थतन्त्रको आकार (प्रचलित मूल्यमा)



# कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर
## (उपभोक्ताको मूल्यमा)



# प्रतिव्यक्ति आय (चालु मूल्यको यू.यस. डलरमा)







“उन्नत तथ्यांक, उन्नत जीवन "

# बृहत् औद्योगिक समूहअनुसारको वृद्धि र GDP

| बृहत् औद्योगिक समूह तथा GDP | 2079/80 | 2080/81 | 2081/82 R | 2082/83 P |
|---|---|---|---|---|
| कृषि क्षेत्रको वृद्धि (प्रतिशतमा) Agriculture, Forestry and Fishing (Growth rate in %) | **3.02** | **3.10** | **3.05** | **1.58** |
| गैरकृषि क्षेत्रको वृद्धि (प्रतिशतमा) Non-Agriculture (Growth rate in %) | 1.98 | 3.49 | 4.12 | **4.54** |
| आधारभूत मूल्यमा GDP (अर्बमा) GDP at basic price (in billions) | 4757 | 5104 | 5454 | **5795** |
| उपभोक्ताको मूल्यमा GDP (अर्बमा) GDP at purchaser's price (in billions) | 5366 | 5760 | 6199 | **6600** |

13.9%


# बृहत् औद्योगिक समूह तथा GDP को वृद्धिदर (आधारभूत मूल्यमा)






"उन्नत तथ्यांक, उन्नत जिवन "

# प्राथमिक, द्वितीय, तथा सेवा क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशतमा)



# औद्योगिक वर्गीकरणअनुसारका क्षेत्रको जिडिपिमा योगदान तथा कुल मूल्य अभिवृद्धि वृद्धिदर (आधारभूत मूल्यमा) २०८२/८३

| औद्योगिक क्षेत्र | औद्योगिक वर्गीकरण | योगदान (प्रतिशतमा) | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|
| **A** | **कृषि, वन तथा मत्स्य** | **२४.०३** | १.५८ |
| B | खानी तथा उत्खनन् | ०.४३ | ३.५२ |
| C | उद्योग | ५.७२ | २.८३ |
| D | विद्युत, ग्याँस | २.०८ | **२०.९३** |
| E | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन | ०.४० | १.९९ |
| F | निर्माण | ५.५२ | २.२१ |
| **G** | **थोक तथा खुद्रा व्यापार; गाडि तथा मोटरसाइकल मर्मत सेवा** | **१४.०९** | ४.५१ |
| H | यातायात तथा भण्डारण | ७.२३ | ५.७९ |
| I | आवास तथा भोजन सेवा | २.४४ | ३.१२ |
| J | सूचना तथा सञ्चार | १.९३ | ५.५३ |
| K | वित्तीय तथा विमासम्बन्धी सेवा | ६.७२ | **९.१६** |
| L | घर, जग्गा कारोवारको सेवा | **८.०७** | २.६९ |
| M | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ०.९५ | ३.२७ |
| N | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ०.७४ | ४.५२ |
| O | सार्वजनिक प्रशासन तथा रक्षा; अनिवार्य सामाजिक सुरक्षा | **७.९२** | **०.२३** |
| **P** | **शिक्षा** | **९.२२** | १.५० |
| Q | मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप | १.७८ | ४.०४ |
| R-T | अन्य सेवासम्बन्धी क्रियाकलाप | ०.७२ | २.६५ |

# तथ्याङ्क किन ?

- नीति निर्माण (तर्जुमा, विश्लेषण र परिमार्जन)
- योजना प्रक्रिया (तर्जुमा, अनुगमन, मूल्याङ्कन)
- तथ्य थाहा पाउन (प्रमाणमा आधारित निर्णय प्रक्रिया)
- तुलनात्मक अध्ययन
- प्रक्षेपण तथा लक्ष्य निर्धारण
- अन्तर्राष्ट्रिय तुलना (विकास लक्ष्य अनुगमन तथा मूल्याङ्कन)
- अध्ययन, अनुसन्धान

# तथ्याङ्क किन ?

- निर्वाचन आयोगले लमजुंग जिल्लाको क्व्होलासोथार गाउँपालिकामा चुनाव गराउनु छ । कति मतपत्र छाप्ने ? मतदाताको तथ्याङ्क चाहियो । कति कर्मचारी चाहिन्छ ? मतदान केन्द्रको संख्या चाहियो । कति प्रहरी चाहिन्छ ? एक मतदान केन्द्रमा औसत कति सुरक्षाकर्मी आवश्यक पर्छ त्यसको तथ्याङ्क चाहियो । तथ्याङ्क नभए न योजना हुने भयो न कार्ययोजना । न बजेटको अनुमान न जनशक्तिको कुनै हिसाबकिताब ।

# तथ्याङ्क कसरी प्राप्त हुन्छ?

## स्रोतका प्रकार

- प्राथमिक स्रोत (Primary Source)
- द्वितीय स्रोत (Secondary Source)

## तथ्याङ्क प्राप्तिका स्रोत

- गणना तथा नमुना सर्वेक्षण (Census and Sample Surveys) - Traditional
- प्रशासनिक अभिलेख (Administrative Records) - Alternative
- बिग डाटा (Big data, Satellite Imagery, AI) - Alternative

# तथ्याङ्कको महत्व

- तथ्याङ्क प्रयोगको क्षेत्र निकै **व्यापक** हुन्छ ।
- दैनिक जीवनका विभिन्न क्रियाकलापदेखि सार्वजनिक क्षेत्रका विविध गतिविधिहरूमा तथ्याङ्क **अपरिहार्य** हुन्छ ।
- स्थानीय तहदेखि केन्द्र तहसम्मका हरेक तहमा निर्णय प्रकृयाका लागि तथ्याङ्क **नभई हुँदैन** ।
- नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमा, कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नमा **तथ्याङ्कको प्रयोग** भएको हुन्छ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास लक्ष्यहरूको **प्रगति मापन** गर्नका लागि तथ्याङ्कै आवश्यकता हुन्छ ।

# राष्ट्रिय तथ्याङ्क प्रणाली
# (National Statistical System)

" राष्ट्रिय तथ्याङ्क प्रणाली भन्नाले कुनै पनि देशको तथ्याङ्किय संगठन र एकाइहरूको समूह हो जसले राष्ट्रिय सरकारको तर्फबाट संयुक्त रूपमा **आधिकारिक तथ्याङ्क (Official Statistics)** को सङ्कलन, प्रशोधन र वितरण गर्दछ। (*the NSS is the ensemble of statistical organizations and units within a country that jointly **collect, process and disseminate** official statistics on behalf of national government.*)" **- OECD**

# राष्ट्रिय तथ्याङ्क प्रणालीका अन्य परिभाषा

- राष्ट्रिय तथ्याङ्क प्रणाली देश भित्रका तथ्याङ्कीय संस्था र एकाइहरूको संयोजन हो, जसले राष्ट्रिय सरकारको तर्फबाट संयुक्त रूपमा आधिकारिक तथ्याङ्क संकलन, प्रशोधन र प्रसारण गर्दछ (NSS/Paris21) ।

- राष्ट्रिय सरकारद्वारा उत्पादित र प्रकाशित तथ्याङ्कहरूको समग्रतालाई राष्ट्रिय तथ्याङ्क प्रणाली भनिन्छ (Admunds, 2005; article for PARIS21 and OECD)

- संयुक्त राष्ट्रसंघ तथ्याङ्क विभागले भने आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्तमा यसको परिभाषा गरेको छैन ।

# राष्ट्रिय तथ्याङ्क प्रणाली


- राष्ट्रिय तथ्याङ्क प्रणाली भन्नाले **आधिकारिक तथ्याङ्क** सम्बन्धी देशमा भएको **कानुनी प्रावधान, पूर्वाधार तथा संस्थागत** व्यवस्थाको समष्टिगत रूपलाई बुझिन्छ ।

- यसले तथ्याङ्क **संकलन, व्यवस्थापन, वितरण तथा उपयोग**को खाका निर्धारण गरेको हुन्छ ।

# राष्ट्रिय तथ्याङ्क प्रणाली

- **तथ्याङ्क ऐन, २०७९ को दफा २(झ):** राष्ट्रिय तथ्याङ्क प्रणाली" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय तथ्याङ्क प्रणाली सम्झनु पर्छ ।
- तथ्याङ्क ऐन, २०७९ को दफा ३: **राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्नेः** (१) यस ऐन तथा प्रचलित कानून बमोजिम **कार्यालय, सरकारी निकाय तथा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्कको एकीकृत प्रणालीको रूपमा राष्ट्रिय तथ्याङ्क प्रणाली**को स्थापना गरिनेछ ।
- राष्ट्रिय तथ्याङ्क प्रणाली भन्नाले **आधिकारिक तथ्याङ्क सम्बन्धी** देशमा भएको **कानुनी प्रावधान, पूर्वाधार तथा संस्थागत व्यवस्थाको समष्टिगत रूपलाई** बुझिन्छ ।
- यसले तथ्याङ्क **संकलन, व्यवस्थापन, वितरण तथा उपयोगको खाका निर्धारण** गरेको हुन्छ

# तथ्याङ्कका सरोकारवाला



## उत्पादक (Producers)

रातका, मन्त्रालयहरू (संघ, प्रदेश), आयोगहरू विभागहरू, स्थानीय तह,गैरसरकारी संघसंस्था

विश्वविद्यालयहरू,अनुसन्धान संस्था आदि

## तथ्याङ्क प्रदायक (Data Providers)

घरपरिवार, प्रतिष्ठान, व्यवसाय, समुदाय, संगठन

## राष्ट्रिय तथ्याङ्क प्रणाली

## प्रयोगकर्ता (User)

नीतिनिर्माता र योजनाविद्,सरकार,स्थानीय तह, गैसस (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय), निजी क्षेत्र,नागरिक समाज

विश्वविद्यालय विकास साझेदार, सञ्चार


जगतअनुसन्धानमूलक संस्था आदि

## अनुसन्धान तथा तालिम केन्द्रहरु

# नेपालमा जनगणनाको संक्षिप्त इतिहास

जनगणनाको दुर्लभ ठेली






- जंगबहादुर राणा वि.सं. १९०६/७ तिर युरोप भ्रमण सकेर फर्केपछि वि.सं. १९१०-१३ तिर काठमाडौँको जनगणना गरेका थिए भन्ने अभिलेख पाइन्छ ।

# नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीः ऐतिहासिक विकासक्रम

- लिच्छवीकालभन्दा अघि पनि घरसङ्ख्या गणना गरिन्थ्यो भन्ने गरिन्छ।
- भिमसेन थापाले सैनिक शक्ति अनुमानका लागि गणना गरेका थिए भनिन्छ ।
- जंगबहादुर राणा वि. सं. १९०६ मा युरोप भ्रमण सकेर फर्केपछि काठमाडौंको जनगणना गरेका थिए भनिन्छ ।
- वि. सं. १९६८ सालमा राणा प्रधानमन्त्री चन्द्र शमशेरले गराएको जनगणनालाई नेपालको पहिलो आधिकारिक जनगणना मानिन्छ।
- सोहि अवधिबाट नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीको शुरूवात भएको मानिन्छ ।

# नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीः ऐतिहासिक विकासक्रम

- **वि. सं. २००८ सालमा जनगणना ऐन तर्जुमा** हुनुअघि जनसङ्ख्या गोश्वारा र औद्योगिक समाचार संग्रह अड्डा कार्यालयहरू तथ्याङ्कीय निकायको रूपमा क्रियाशिल थिए ।
- वि. सं. २००८ सालमा उक्त दुई संस्थालाई गाभेर सङ्ख्या विभाग स्थापना गरिएको थियो र यसले २००९ र ११ को पाँचौं जनगणना गरेको थियो ।
- उक्त पाँचौं जनगणना **संयुक्त राष्ट्र संघको सिफारिसअनुसार** सम्पन्न भएका कारण नेपालको प्रथम वैज्ञानिक जनगणना पनि भन्ने गरिन्छ ।
- वि. सं. २००९ तथा वि. सं. २०1३ मा जनगणना ऐन लागु गरिएका थिए ।

# नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीः ऐतिहासिक विकासक्रम

- वि. सं. २०१५ मा पहिलो पटक तथ्याङ्क ऐन, २०१५ लागु गरियो । (लालमोहर सदर मितिः २०१५/८/१०, राजपत्रमा प्रकाशितः २०१५/८/१८)
- वि. सं. २०१५/९/१७ गते केन्द्रीय तथ्याङ्क विभागको स्थापना भयो ।
- वि. सं. २०१८ सालमा देशको पहिलो कृषिगणना, २०२२ सालमा पहिलो औद्योगिक गणना, २०१८/१९ मा पहिलो पटक राष्ट्रिय लेखाका अनुमान गर्ने कार्य उक्त विभागले गरेको थियो ।
- वि. सं. २०४१/४/१५ मा तथ्याङ्क नियमावली लागु गरियो ।
- वि. सं. २०७९/५/२८ मा हालको तथ्याङ्क ऐन लागु गरियो, जसले राष्ट्रिय तथ्याङ्क प्रणाली संस्थागत गरेको छ ।

# नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली

- नेपालको संबिधानले संघ, प्रदेश र स्थानीय तहको तथ्याङ्कीय अधिकार स्पष्ट किटानी गरेको छ (अनुसूची ५,६,८,९)।
- तथ्यांक ऐन, २०७९ को दफा १५ ले प्रदेश सरकार तथा स्थानीय तहले **तथ्यांक संकलन गर्न सक्ने** व्यवस्था गरेको
- नेपालको तथ्याङ्क प्रणाली तेर्सो (Horizontal) र ठाडो (Vertical) दुवै किसिमले विकेन्द्रित रूपमा सञ्चालित रहेको छ ।
- तथ्यांकको संघीय क्रियाकलापमा राष्ट्रिय तथ्यांक कार्यालयको अतिरिक्त संबैधानिक आयोगहरु, मन्त्रालय तथा विभागहरु, नेपाल राष्ट्र बैंक आदि |

# तथ्याङ्क प्रणालीका अङ्गहरू



# आधिकारिक तथ्याङ्क

- राष्ट्रिय तथ्यांक कार्यालय वा राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध अन्य निकायहरुले उत्पादन गरेका तथ्याङ्क
- आधिकारिक तथ्याङ्कको मुख्य उत्पादनकर्ता राष्ट्रिय तथ्याङ्क कार्यालय
- राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध सरकारी निकाय तथा सार्वजनिक संस्था आधिकारिक तथ्याङ्कका अन्य उत्पादनकर्ताहरु ।
- राष्ट्रिय तथ्यांक कार्यालयबाट प्रमाणीकरण भएका तथ्यांकहरु

# नेपालमा आधिकारिक तथ्याङ्क उत्पादन गर्ने निकायहरू

- राष्ट्रिय तथ्यांक कार्यालय
  - पूर्ण गणना- राष्ट्रिय जनगणना, कृषि गणना, आर्थिक गणना, औद्योगिक प्रतिष्ठान गणना
  - विभिन्न राष्ट्रिय स्तरका नमुना सर्वेक्षणहरु- जीबस्तर सर्वेक्षण, श्रमशक्ति सर्वेक्षण, NMICS, घरपरिवार सर्वेक्षण, वातावरण, साना उद्योग...... आदि
  - तथ्याङ्कीय अध्ययनका आधारमा अन्य आर्थिक तथा सामाजिक तथ्याङ्क

# नेपालमा आधिकारिक तथ्याङ्क उत्पादन गर्ने निकायहरू

राष्ट्रिय तथ्यांक कार्यालयका अतिरिक्त अन्य सरकारी तथा अर्धसरकारी संघ संस्थाहरूले तथ्याङ्क उत्पादन गरिरहेका छन् ।

उदाहरणका लागिः

- **शिक्षा मन्त्रालय**- शैक्षिक तथ्याङ्क **स्वास्थ्य मन्त्रालय**–स्वास्थ्यसम्बन्धी तथ्याङ्क
- **कृषि मन्त्रालय** - कृषि तथ्याङ्क **पर्यटन मन्त्रालय** - पर्यटन तथ्याङ्क
- **नेपाल राष्ट्र बैंक**- मूल्य तथ्याङ्क (Handover to NSO).**भन्सार विभाग**- वैदेशिक व्यापार तथ्याङ्क
- **स्थानीय पञ्जिकाधिकारीको कार्यालय मार्फत गृह मन्त्रालय**- व्यक्तिगत घटना दर्तासम्बन्धी तथ्याङ्क

आदि ।

# तथ्यांक ऐन २०७९ को मुख्य उद्देश्य

- तथ्यांक उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, ब्यवस्थित र समय सापेक्ष बनाई संघ, प्रदेश र स्थानीय तहको नीति निर्माण, नीति कार्यान्वयन, स्रोत व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।
- यो ऐन कार्यन्वयनमा आएपछि राष्ट्रिय तथ्यांक कार्यालय, सरकारी निकाय तथा सार्वजनिक सस्थाले संकलन गरेका तथ्यांक एकीकृत गरि **राष्ट्रिय तथ्यांक प्रणाली** स्थापना हुने अपेक्षा गरिएको

# तथ्याङ्क सम्बन्धी नीतिगत व्यवस्था

- नेपालको संविधान, २०७२
- तथ्याङ्क ऐन, २०७९
- तथ्याङ्क नियमावली, २०८०, पहिलो संसोधन २०८३
- राष्ट्र बैंक ऐन, २०५८
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति, (२०७५।७६-२०७९।८०) र
  दोस्रो तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति, (२०८०।८१-२०८४।८५)
- सोह्रौं योजना, २०८१/८२ -२०८५/८६
- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४, हाल अध्यावधिक २०८३





# गोपनियता


नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय



- **नेपालको संविधानः** धारा २८
- **तथ्याङ्क ऐनः** दफा १०
- ऐनले कानुन विपरित गोपनियता भङ्ग गर्ने, उपलब्ध गराउनु पर्ने सूचना उपलब्ध नगराउने वा अन्य यो ऐन विपरित कार्य गर्ने जो कोहिलाई **कानूनी कारवाहीको व्यवस्था** गरेको छ ।




# संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समितिले तय गरेको
# संघका तथ्याङ्कीय कार्य, अधिकार र जिम्मेवारी

| विषयवस्तु | कार्यहरू |
|---|---|
| नेपालको संबिधानमा अनुसूची ५<br>केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) | १.१ तथ्याङ्कसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | १.२ अन्तर्राष्ट्रियस्तरमा स्थापित मान्यता र पद्धतिअनुरूप राष्ट्रिय तथ्याङ्क प्रणालीको व्यवस्थापन र गुणस्तर निर्धारण |
| | १.३ तथ्याङ्कीय आवश्यकता निर्धारण र व्यवस्थापन |
| | १.४ राष्ट्रियस्तरको गणना तथा सर्वेक्षण व्यवस्थापन |
| | १.५ प्रशासकीय अभिलेखको तथ्याङ्कीकरण |
| | १.६ तथ्याङ्कीय अभिलेख संरक्षण तथा व्यवस्थापन |
| | १.७ क्लियरिङ हाउससम्बन्धी व्यवस्थापन |
| | १.८ नेपाल प्रामाणिक वर्गीकरण तथा मापदण्ड विकास र प्रयोग |
| | १.९ तथ्याङ्कमा सूचना प्रविधि व्यवस्थापन, तथ्याङ्क सल्लाहकारी भूमिका र मानव संसाधन विकास र क्षमता अभिवृद्धि |

# प्रदेश तहको तथ्यांकीय गतिबिधि

- नेपालको संविधानमा अनुसूची ६ र ९
- तथ्याङ्क ऐन २०७९ को दफा १५
- प्रदेश तथ्यांक ऐन (लुम्बिनी प्रदेशमा बनेको)



प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, बैशाख २४ गते, २०७६ साल (अतिरिक्ताङ्क ११

भाग १

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. ९

प्रदेश नं. ५ तथ्याङ्क सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन





“उन्नत तथ्यांक, उन्नत जीवन "

| विषयवस्तु | कार्यहरू |
|---|---|
| प्रादेशिक तथ्याङ्क | २.१ तथ्याङ्कसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | २.२ नेपाल प्रामाणिक वर्गीकरण तथा मापदण्डअनुसार प्रादेशिक तथ्याङ्क व्यवस्थापन |
| | २.३ प्रदेश तहको सर्वेक्षण |
| | २.४ प्रदेश तहको तथ्याङ्कको सूचना प्रणाली व्यवस्थापन |
| | २.५ तथ्याङ्कसम्बन्धी संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य |
| | २.६ प्रादेशिक अभिलेख तथ्याङ्क व्यवस्थापन |
| | २.७ प्रादेशिक तथ्याङ्कीय अभिलेख संरक्षण तथा व्यवस्थापन |
| | २.८ प्रादेशिक मानव संसाधन विकास र क्षमता अभिवृद्धि |

# स्थानीय तहको तथ्यांकीय गतिबिधि



- नेपालको संविधानमा अनुसूची ८ र ९
- तथ्याङ्क ऐन २०७९ को दफा १५
- **स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ड)**



# संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समितिले तय गरेको स्थानीय तहका तथ्याङ्कीय कार्य, अधिकार र जिम्मेवारी

| विषयवस्तु | कार्यहरू |
|---|---|
| व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क | १ संघीय कानून र मापदण्डबमोजिम स्थानीय तहमा व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइ सम्बन्ध विच्छेद र धर्मपुत्र-धर्मपुत्री) को दर्ता |
| | २ आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन |
| | ३ स्थानीय तथ्याङ्कसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| स्थानीय अभिलेख व्यवस्थापन | १ स्थानीय अभिलेख व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | २ स्थानीयस्तरको अभिलेख व्यवस्थापन |
| घरजग्गा धनी पुर्जा वितरण र लगत व्यवस्थापन | १ प्रादेशिक मापदण्डबमोजिम स्थानीय तहमा जग्गा धनी पूर्जा वितरण, लगत व्यवस्थापन |
| | २ भूमिको वर्गीकरणअनुसारको लगत |
| | ३ स्थानीय जग्गाको कित्ताकाट र भूमि लगत (नक्सा, स्रेस्ता) निर्माण र संरक्षण |
| | ४ सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण एवं वितरणमा समन्वय र सहजीकरण |
| | ५ जग्गा विवाद समाधान |

# संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समितिले तय गरेको स्थानीय तहका तथ्याङ्कीय कार्य, अधिकार र जिम्मेवारी

| विषयवस्तु | कार्यहरू |
|---|---|
| रोजगार र बेरोजगारको तथ्याङ्क सङ्कलन (अनुसूची ८) | ६.१ रोजगार र बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणाली |
| | ६.२ विदेशी श्रमिकको सूचना व्यवस्थापन |
| | ६.३ स्थानीय तथ्याङ्कसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | ६.४ बेरोजगारको तथ्याङ्कसहित स्थानीय तहका आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन |
| | ६.५ पञ्जीकरण व्यवस्थापन |
| | ६.६ स्थानीय तहको तथ्याङ्कीय अभिलेख व्यवस्थापन |
| | ६.७ स्थानीय तहमा सूचना तथा सञ्चार प्रविधियुक्त तथ्याङ्क व्यवस्थापन |

# राष्ट्रिय तथ्याङ्क प्रणालीका सबल पक्ष

- राष्ट्रिय तथ्याङ्क परिषद्को व्यवस्था भएको,
- उच्च शैक्षिक योग्यता सहितको दक्ष जनशक्तिको उपलब्धता,
- तथ्याङ्क व्यवस्थापनमा एक सय दश वर्षभन्दा बढीको अनुभव रहेको,
- विभिन्न गणना तथा नमूना सर्वेक्षणहरू नियमित रूपमा सञ्चालन भएका,
- अधिकांश निकायहरूमा व्यवस्थापन सूचना प्रणाली क्रियाशिल रहेको,
- तथ्याङ्कीय कार्यको केन्द्रीय निकायको रूपमा राष्ट्रिय तथ्याङ्क कार्यालय र १८ वटा प्रदेश तथ्याङ्क समन्वय कार्यालयहरू रहेको
- स्थानीय तहमा तथ्याङ्क गतिविधि सञ्चालनमा रहेको ।

# राष्ट्रिय तथ्याङ्क प्रणालीका कमजोर पक्ष

- समयसापेक्ष बढ्दो तथ्याङ्कको माग सम्बोधन गर्न **आवश्यक साधन र श्रोतको कमी** छ,
- तथ्याङ्क व्यवस्थापनमा **आधुनिक प्रविधिको अधिकतम उपयोग** गर्न सकिएको छैन,
- **राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना** (एउटा कार्यालय तथा १८ तथ्याङ्क समन्वय कार्यालय) ले **बढ्दो तथ्याङ्क मागलाई सम्बोधन गर्न सकेको छैन,**
- **संविधानमा उल्लेखित अनुसूचीको** **अझै पूर्णरुपमा कार्यान्वयन नहुनु ।**



क्रमशः

# राष्ट्रिय तथ्याङ्क प्रणालीका कमजोर पक्ष...

- आधिकारिक तथ्याङ्कसम्बन्धी प्राविधिक तालिम दिने संस्थाको व्यवस्था छैन,
- नीति निर्माणदेखि योजना तर्जुमा र कार्यान्वयनको चरणसम्म तथ्याङ्कीय साक्षरताको कमी छ,
- तथ्याङ्कीय क्रियाकलापमा संलग्न सरोकारवालाहरूले प्रयोग गर्ने अवधारणा तथा परिभाषामा एकरूपता कायम हुन सकेको छैन,
- कतिपय तथ्याङ्क प्रदायकहरू तथ्याङ्क संकलन कार्यमा कर्तव्य विमुख छन्,



क्रमशः

# राष्ट्रिय तथ्याङ्क प्रणालीका कमजोर पक्ष...

- तथ्याङ्क उत्पादनमा दोहोरोपनाका कारण कतिपय सर्वेक्षणहरूले उत्तरदातालाई थप बोझ सृजना गरेका छन्,
- तथ्याङ्क प्रणालीका प्रमुख अङ्गहरूबीचको समन्वय कमजोर छ,
- सबै क्षेत्रमा खुला तथ्याङ्कको अवधारणा लागु गर्न सकिएको छैन,
- कतिपय तथ्याङ्क प्रयोगकर्तामैत्री रूपमा उपलब्ध छैनन्,
- स्थानीय तहमा तथ्याङ्क जनशक्तिको अभाव छ,
- तथ्याङ्क सेवामा कार्यरत कर्मचारीको वृत्ति विकास अत्यन्तै न्यून छ ।

# राष्ट्रिय तथ्याङ्क प्रणालीका अवसर

- नेपालको संविधानले संघ, प्रदेश र स्तानीय तह गरी तीनै तहका सरकारको तथ्याङ्कीय अधिकार सूची प्रदान गरेको,
- कानुनी प्रावधान बमोजिम तथ्याङ्क ऐन लगायत अन्य ऐनहरूले तथ्याङ्कीय क्रियाकलापका बारेमा मार्गदर्शन गरेको,
- नेपाल सरकारले तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति (२०७५/७६–२०७९/८०) तथा (२०८०/८१–२०८५/८६) लागु गरेको छ,

# राष्ट्रिय तथ्याङ्क प्रणालीका अवसर...

- तथ्याङ्क ऐन अनुसार नियमावली र थुप्रै कार्यविधि तथा मापदण्ड बन्ने क्रममा छ,
- तथ्याङ्क क्षेत्रमा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको चासो र सहयोग छ,
- तथ्याङ्कप्रति सरोकारवाला तथा सर्वसाधरणको माग र चासोमा वृद्धि भएको छ,
- बढ्दो प्रविधिको प्रयोगसँगै समकालीन समयमा विकसित “विग डाटा“ प्रयोगको सम्भावना बढेको छ ।

# राष्ट्रिय तथ्याङ्क प्रणालीका चुनौती...

- तथ्याङ्क क्षेत्र अन्य क्षेत्रको तुलनामा कम प्राथमिकतामा परेको,
- तथ्याङ्क व्यवस्थापन र समन्वयका लागि कानुनी रूपमै बलियो संयन्त्रको अभाव,
- तथ्याङ्क प्रणाली अन्तर्गत ठाडो र तेर्सो समन्वय गर्ने संयन्त्र तथा विधिको अभाव,
- आकस्मिक रूपमा आइपर्ने प्राकृतिक प्रकोप तथा महामारीका अवस्थामा तथ्याङ्कीय गतिविधि सञ्चालन गर्ने संरचना तथा विधिको अभाव,
- परम्परागत गणना तथा सर्वेक्षणको प्रयोगबाट मात्रै तथ्याङ्क उत्पादनको लागत कम गर्नु तथा उत्तरदाताको बोझलाई कम गर्नु चुनौतीपूर्ण छ ।

# तथ्याङ्कीय साक्षरता

*"तथ्याङ्कीय सूचना तथा तथ्याङ्क सम्बन्धित तर्कहरू व्याख्या गर्ने र आलोचनात्मक रूपमा मूल्याङ्कन गर्ने मानिसहरूको क्षमतालाई तथ्याङ्कीय साक्षरता भनिन्छ।"*

- गल (Gal – 2004, p.49)

गलका अनुसार तथ्याङ्कीय साक्षर हुनका लागिः

क) गणितको ज्ञान

ख) तथ्याङ्कको ज्ञान

ग) सन्दर्भको ज्ञान

घ) साक्षरता कौशल

ङ) आलोचनात्मक प्रश्न

# तथ्याङ्कीय साक्षरता

**संक्षेपमा भन्नुपर्दा,**

- तथ्याङ्कीय साक्षरता भनेको तथ्याङ्कलाई बुझ्ने र तर्क गर्ने क्षमता हो ।
- यस्तो क्षमता तथ्याङ्कसँग सम्बन्धित सबै सरोकारवालाहरूसँग भएमा मात्र तथ्याङ्कको सही उत्पादन तथा प्रयोग भई प्रमाणमा आधारित निर्णय प्रक्रियाको पूर्ण प्रयोग हुन्छ र प्रमाणकै आधारमा नीति, योजना तथा कार्यक्रमहरू तय भई जनताको अधिकतम हित हुन सक्दछ ।

# तथ्याङ्कीय साक्षरताका मापदण्ड

- तथ्याङ्कीय रूपले साक्षर हुनका लागि **बढी मात्रामा तथ्याङ्कको प्रयोग गरेर मात्र पुग्दैन ।**
- तथ्याङ्कीय साक्षरता भनेको संख्याहरू सम्बद्ध पद्धतिलाई **सूत्रबद्ध गर्ने वा बुझ्ने मात्र नभई संख्याहरू व्याख्या गर्ने र यसमा समावेश जानकारीलाई प्रभावकारी रूपमा सञ्चार गर्ने क्षमता** पनि हो ।

# तथ्याङ्कीय साक्षरताका मापदण्ड

- **तथ्याङ्क बोध (Data Awareness)**
- तथ्याङ्कीय **अवधारणाहरू बुझ्ने क्षमता** (Ability to Understand Statistical Concepts)
- तथ्याङ्कीय जानकारीको **विश्लेषण, व्याख्या र मूल्याङ्कन गर्ने क्षमता** (Ability to Analyze, Interpret and Evaluate Statistical Information)
- **तथ्याङ्कीय जानकारी र बुझाइ सञ्चार गर्ने क्षमता** (Ability to Communicate Statistical Information and Understandings)

# तथ्याङ्कीय साक्षरताको महत्त्व

- तथ्याङ्कीय साक्षरताले हामी र हाम्रो समाजलाई बलियो बनाउँछ ।
- यसले संसारको अर्थ बनाउन सक्षम बनाउँछ ।
- यसले अनुसन्धान, योजना र निर्णय गर्ने उद्देश्यको लागि राम्रो ज्ञान प्रदान गर्दछ ।
- यसले सार्वजनिक नीति प्रक्रियामा लिने निर्णयहरूको लागि आधार प्रदान गर्दछ । जस्तैः चुनावी सीमाहरू निर्धारण गर्ने; स्कूल, अस्पताल, बाटो, पुल, बिजुली, खानेपानी जस्ता पूर्वाधार कहाँकहाँ आवश्यक छन्, पत्ता लगाउने आदि ।

# तथ्याङ्कीय साक्षरताको महत्त्व...


- यसले व्यवसाय बढाउन तिनीहरूको बजार जान्न, बुझ्न र तिनीहरूको मार्केटिङ रणनीतिहरूमा सुधार गर्न सहयोग गर्दछ ।
- तथ्याङ्कीय साक्षर व्यक्तिलाई उसका अन्य सहकर्मीभन्दा अब्बल सावित गर्दै रोजगारदाताका लागि आकर्षक बन्न सहयोग गर्दछ ।
- यसले प्रत्येक व्यक्तिलाई उसको अधिकार, शुद्धता र निष्ठाका साथ छलफल र निर्णय प्रक्रियामा संलग्न हुन सक्षम बनाउँछ ।

# तथ्याङ्कीय साक्षरताको महत्त्व...



यहाँ तथ्याङ्क साक्षरताको तस्विर प्रस्तुत गरिएको छ, जसले प्रविधिको उपयोग, डेटा विश्लेषण, र टोलीको सहकार्यलाई स्पष्ट रूपमा देखाउँछ। यसले तथ्याङ्कको महत्त्वलाई प्रस्ट पार्न मद्दत गर्दछ।

# डाटा, तथ्यांक र जानकारी




यहाँ डाटा, तथ्याङ्क र जानकारीको बीचको भिन्नता स्पष्ट पार्ने चार्ट प्रस्तुत गरिएको छ।

- डाटाः कच्चा तथ्य र संख्याहरू जसमा कुनै सन्दर्भ छैन।
- तथ्याङ्कः विश्लेषित डाटा जसले मूल्यांकन र प्रवृत्तिहरूको जानकारी दिन्छ।
- सूचना/जनाकारीः तथ्यांकबाट उत्पन्न अर्थपूर्ण जानकारी जुन निर्णय लिने प्रक्रियामा मद्दत गर्दछ।

# विद्युतीय साक्षरता

- डिजिटल साक्षरता भनेको आर्थिक र सामाजिक जीवनमा सहभागिताको लागि डिजिटल उपकरणहरू र नेटवर्क प्रविधिहरू मार्फत सुरक्षित र उचित रूपमा सूचना सिर्जना गर्ने, सूचनाको पहुँचमा हुने, व्यवस्थान गर्ने, बुझ्ने, एकीकृत गर्ने, सञ्चार गर्ने र मूल्याङ्कन गर्ने क्षमता हो ।
- यसले खासगरी विद्युतीय सूचनाको जानकारी, उपयोग र त्यसमा उपलब्ध हुने र हुनसक्ने सूचना तथा जानकारीहरूको आदानप्रदान गर्ने आधारभूत ज्ञानलाई बुझाउँछ ।

# विद्युतीय साक्षरता...

प्रोफेसर हिलर स्पाइर्सका अनुसार डिजिटल साक्षरतालाई तीन भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

१) डिजिटल समाग्री प्राप्ति र उपयोग गर्ने,

२) डिजिटल समाग्रीहरूको सिर्जना गर्ने र

३) डिजिटल समाग्रीहरूको सञ्चार वा वितरण गर्ने ।

# विद्युतीय साक्षरताको महत्त्व

- सूचना प्रविधिको क्षेत्रमा भएको विकासले नीति निर्माता र निर्णयकर्ताहरूको भूमिकालाई सरल, सहज र छिटो बनाइदिएको छ ।
- निर्णय प्रक्रियामा आवश्यक पर्ने कतिपय तथ्याङ्क र सूचनाका लागि निर्णयकर्ताहरू अरू मानिसहरू माथि भर पर्नुपर्ने अवस्थालाई डिजिटल साक्षरताले न्यूनीकरण गरिदिएको छ ।

# विद्युतीय साक्षरताको महत्त्व...


- यसको सबैभन्दा सुन्दर विशेषता के छ भने यो तत्काल उपलब्ध हुन्छ र किफायती पनि हुन्छ ।
- डिजिटल साक्षरताले तथ्याङ्कका सामान्य प्रयोगकर्ताहरूको पहुँच र क्षमतालाई समेत विस्तार गरेको छ ।


# गणना/ सर्वेक्षणका मुख्य उत्पादनः


| गणना/ सर्वेक्षण | सञ्चालन अवधि | मुख्य तथ्याङ्क |
|---|---|---|
| राष्ट्रिय जनगणना | प्रत्येक १० वर्ष | जनसांख्यिक तथा सामाजिक |
| राष्ट्रिय कृषिगणना | प्रत्येक १० वर्ष | कृषि क्षेत्रको Structural तथ्याङ्क |
| राष्ट्रिय आर्थिक गणना | प्रत्येक ५ वर्ष | प्रतिष्ठानसँग सम्बन्धित |
| नेपाल जीवनस्तर सर्वेक्षण | प्रत्येक ५ वर्ष | गरिबी तथा जीवनस्तर मापनसँग सम्बन्धित |
| नेपाल बहुसूचक सर्वेक्षण | प्रत्येक ५ वर्ष | महिला तथा बालबालिकासँग सम्बन्धित सामाजिक |
| नेपाल श्रमशक्ति सर्वेक्षण | प्रत्येक ५ वर्ष | श्रम शक्तिसँग सम्बन्धित |
| राष्ट्रिय औद्योगिक सर्वेक्षण | प्रत्येक ५ वर्ष | प्रतिष्ठानसँग सम्बन्धित |


# राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख प्रकाशन


- गणना र सर्वेक्षणका प्रतिवेदन
- **Statistical Year Book, Statistical Pocket Book, Leaflets**
- अन्य प्रकाशन












# राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख प्रकाशन




## राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रकाशनः

[https://nsonepal.gov.np/list/resource/965?parent=1586%20](https://nsonepal.gov.np/list/resource/965?parent=1586%20)



# १८ तथ्याङ्क समन्वय कार्यालयहरु

| कोशी | मधेश | वागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|
| १. **इलाम** (ताप्लेजुङ, पाँचथर, इलाम, झापा) | १. **धनुषा** ( धनुषा, सप्तरी, सिराहा, महोत्तरी) | १. **काठमाडौं** (काठमाडौं, भक्तपुर, ललितपुर, रसुवा, नुवाकोट, धादिङ) | १. **कास्की** ( कास्की, तनहुँ, नवलपरासी बर्दघाट सुस्ता पूर्व) | १. **रुपन्देही** ( रुपन्देही, कपिलवस्तु, नवलपरासी बर्दघाट सुस्ता पश्चिम, | १. **सुर्खेत** (सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम पश्चिम) | १. **कैलाली** (कैलाली, कन्चनपुर, बैतडी, डडेलधुरा, बझाङ, दार्चुला) |
| २. **मोरङ** (मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, उदयपुर) | २. **पर्सा** (पर्सा, सर्लाही, बारा, रौतहट) | २. **काभ्रे** (काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप) | २. **बाग्लुङ** ( बाग्लुङ, स्याङ्जा, पर्वत, म्याग्दी, मुस्ताङ) | २. **पाल्पा** (पाल्पा, गुल्मी, अर्घाखाँची) | २. **जुम्ला** (जुम्ला, हुम्ला, मुगु, कालिकोट, डोल्पा) | २. **डोटी** (डोटी, अछाम, बाजुरा) |
| ३. **खोटाङ** (खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, भोजपुर) | | ३. **मकवानपुर** (मकवानपुर, चितवन, सिन्धुली) | **३. गोरखा ( गोरखा, लमजुङ मनाङ)** | ३. **दाङ** (दाङ, बाँके, बर्दिया, प्युठान, रोल्पा, रुकुम पूर्व) | | |

# तथ्याङ्क समन्वय कार्यालय गोरखाको दरबन्दी संरचना

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय
गोरखा
(गोरखा, लमजुङ र मनाङ)

**तथ्याङ्क समन्वय अधिकारी**
**(रा.प.द्वितीय श्रेणी) -१**

**तथ्याङ्क शाखा**


तथ्याङ्क धिकृत (रा.प.तृतीय)-१
सुपरिवेक्षक -३
गणक - ३ (१ खाली)

**प्रशासन शाखा**

खरिदार-२
सह लेखापाल- १
कार्यालय सहयोगी-२

हालसालै भएको O&M ले केहि संसोधन गरेको (सु.प्.१थप , नासु थप १, खरिदार 0)


# Data Use





**Uses of data for decision support**

- *Meeting, Review, M&E, reporting, Annual Report, Planning, MTEF, economic survey, Performance measurement etc.*
- *Beyond the above mentioned, It is used to Inform policy makers and program managers to identify gaps and progress at different levels*
- *Identification of areas and population that are being left behind (to address LNOB)*
- *R&D, Estimation, Generates need based evidence to support policy dialogue*

# Data To Assess Management (M&E) cycle



# Data use-for reform(change)



# Data Use and Data Quality : Interrelated




Data quality and data use are **interrelated**: poor quality data will not be used, and because they are not used, the data will remain of poor quality; conversely, greater use of data will help to improve their quality, which will in turn lead to more data use.

# Ensuring data quality

Data → Garbage in

=

Garbage out → Out put/ outcome


Table, Graph, Map, SMS, interpretation, Reports, Dash Board



# तथ्यांकीय नैतिकताका मुख्य सिद्दान्तहरू (Key Principles of Data Ethics)को सही अभ्यास

| मुख्य सिद्धान्तहरू (Principle) | अर्थ (Meaning) |
| --- | --- |
| निजता (Privacy) | **व्यक्तिको** आफ्नो व्यक्तिगत डाटा **कसले संकलन गर्ने, हेर्ने वा प्रयोग गर्ने** भन्ने विषयमा **नियन्त्रण गर्ने/सुरक्षितराख्ने अधिकार** ।(Protect individuals' personal data from unauthorized access.) |
| गोपनीयता (Confidentiality) | **व्यक्ति वा संस्थासँग** सम्बन्धित प्राप्त संवेदनशील वा निजी जानकारीलाई **अनधिकृत व्यक्तिसँग अनुमतिबिना खुलासा नगर्ने,सुरक्षित राख्ने र गोप्य राख्ने** (Keeping sensitive data secret). |
| पारदर्शिता (Transparency) | **डाटा किन र कसरी प्रयोग** भइरहेको छ भन्ने **स्पष्ट जानकारी** दिने। (Being open about data collection, use, and sharing). |
| सहमति (Consent) | व्यक्तिको अनुमति लिएर मात्र डाटा संकलन वा प्रयोग गर्ने। (Collecting data only with the informed consent of individuals.) |
| जिम्मेवारी (Accountability) | डाटाको दुरुपयोग भएमा सम्बन्धित संस्था वा व्यक्तिले जिम्मेवारी लिने। (Holding Institution incharges, data managers responsible for ethical handling of data.) |
| अखण्डता (Integrity) | **सही, पूर्ण, विश्वसनीय र समयसापेक्ष तथा अनधिकृत रूपमा परिवर्तन नगरिएको** (Ensuring data is accurate, complete, reliable, and Timely (CART) and not unauthorized changing). |
| निष्पक्षता (Fairness) | डाटाको प्रयोगबाट **कुनै व्यक्ति वा समूहप्रति भेदभाव नगर्ने**। (Avoiding bias, discrimination, or harm from data use). |
| सुरक्षा (Security) | डाटालाई **चोरी, दुरुपयोग वा अनधिकृत पहुँचबाट जोगाउने**। (protecting data from unauthorized access, theft, misuse, alteration, damage, or destruction) |

# Rigorous Data Analysis, Interoperability and Dashboard: Recent Need




धन्यवाद